आज मिति २०८२ साल बैशाख महिनाको ०८ गतेका दिन कालीकोट जिल्लाको छैठौं जिल्ला सभाका अध्यक्ष तथा जिल्ला समन्वय समिति कालीकोटका प्रमुख श्री धनजित बहादुर शाहीज्यूको अध्यक्षतामा कालीकोट जिल्लाको छैठौं जिल्ला सभाको बन्द सत्रको बैठक बसि तपसिल बमोजिमको सहभागीतामा देहायका निर्णयहरु गरियो ।

तपसिलः

| सि.न | नामथर | पद | प्रतिनिधित्व | सम्पर्क नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | श्री धनजित ब० शाही | प्रमुख | जि.स.स | ९८४८३०९४०८ | [signature] | |
| २ | मा. विक्रान्त ब० विष्ट | सदस्य | क.प्र.सभा | ९८६८४०२२३८ | [signature] | |
| ३ | मा. अशोकनाथ योगी | सदस्य | क.प्र.नी.आ.सं | ९८४९२९११८६ | [signature] | |
| ४ | श्री धर्मराज शाही | प्रमुख | रास्कोट न.पा | | | |
| ५ | श्री कमल ब० शाही | प्रमुख | खाँडाचक्र न.पा | | | |
| ६ | श्री शंकर प्र. उपाध्याय | प्रमुख | तिलागुफा न.पा | 9840000075 | [signature] | |
| ७ | श्री खेम ब० सिंह | अध्यक्ष | महावै गा.पा | | | |
| ८ | श्री मोहन ब. के.सी | अध्यक्ष | सान्नीत्रिवेणी | 9861932960 | [signature] | |
| ९ | श्री देवराज शाही | अध्यक्ष | पचालझरना | ९८४८९१६२३३ | [signature] | |
| १० | श्री गोविन्द प्र. आचार्य | अध्यक्ष | शुभकालिका | | | |
| ११ | श्री नगेन्द्र विष्ट | अध्यक्ष | नरहरिनाथ गा.पा | ९८५८०३२०६१ | [signature] | |
| १२ | श्री विष्णु ब० रोकाया | अध्यक्ष | पलाँता गा.पा | ९८५१३४४३४४ | [signature] | |
| १३ | श्री दानसिंह रजुवाल | उपाध्यक्ष | महावै गा.पा | ९८६८५४८२०३ | [signature] | |
| १४ | श्री गणेश ब. शाही | उपप्रमुख | खाँडाचक्र न.पा | ९८६८२०२२९६ | [signature] | |
| १५ | श्री गीता रावत वि.क | ॥ | जि.स.स | ९८६५८६६९४१ | [signature] | |
| १६ | श्री महेन्द्र ब० शाही | ॥ | तिलागुफा न.पा | | | |
| १७ | श्री मनिराज वराल | ॥ | रास्कोट न.पा | | | |
| १८ | श्री धनकला शाही | उपाध्यक्ष | शुभकालिका | | | |
| १९ | श्री कल्किता बम सेजुवाल | ॥ | पचालझरना | ९८६३९२३४०८ | [signature] | |
| २० | श्री अन्नपूर्ण जोशी | ॥ | पलाँता गा.पा | | | |
| २१ | श्री कमला कु० शाही | ॥ | नरहरिनाथ गा.पा | | | |
| २२ | श्री पार्वति सिंह रजुवाल | ॥ | सान्नीत्रिवेणी | | | |
| २३ | श्री धन ब० शाही | सदस्य | जि.स.स | ९८४५८२५३६३ | [signature] | |
| २४ | श्री अजय ब. वन | ॥ | ॥ | ९८४८२७८६९६ | [signature] | |
| २५ | श्री वीर ब. रावत | ॥ | ॥ | ९८६८३६५८४३ | [signature] | |
| २६ | श्री दुर्गा कु. रोकाया | ॥ | ॥ | ९८६८२१८०२६ | [signature] | |
| २७ | श्री धनकला विष्ट | ॥ | ॥ | | [signature] | |
| २८ | श्री आपसरा कामत | ॥ | ॥ | ९८४८७३९७८६ | [signature] | |
| २९ | श्री भीम ब० शाही | नि.जि.वि.अ | जि.स.स | ९०५९३५६८९२ | [signature] | |
| ३० | श्री | | | | | |
| ३१ | | | | | | |

निर्णय नं. १. कालीकोट जिल्लाका स्थानीय तहहरुबाट तथा विभिन्न निकायहरुबाट पेश हुन आएका तपसिल बमोजिमका योजनाहरुलाई कालीकोट जिल्लाको छैटौं जिल्ला सभामा पारितको लागि पेश गरि सम्बन्धीत निकायहरुमा आवश्यक बजेट मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**रास्कोट नगरपालिका अन्तरगतका योजनाहरु**

क) औल बाँस देखि रिव पुछुडा वाडा सम्म आर.सि.सि बाटो निर्माण
ख) आला डिल देखि बृसे ढुङ्गा सम्म आर.सि.सि बाटो निर्माण
ग) वन्ढुङ्गा पैरोमा तटबन्धन

**महावै गाउँपालिका अन्तरगतका योजनाहरु**

क) महावै वा.पा, शुभकालीका गा.पा र खाँडाचक्र न.पा जोड्ने तिसेली वेलिब्रिज पुल निर्माण ।

**पचालझरना गाउँपालिका अन्तरगतका योजनाहरु**

क) जारकोट देखि पणेक्षा कार्यालय हुँदै जिमजेडी देखि मान्म सम्म सडक निर्माण
ख) लाफा देखि पचाल झरना सम्म पर्यटन पदमार्ग निर्माण

**शुभाकालीका गाउँपालिका अन्तरगतका योजनाहरु**

क) शुभकालीका ७ कुमाल बाडा सामुदायीक भवन निर्माण
ख) कुमाल बाडा तटबन्धन निर्माण

**तिलागुफा नगरपालिका अन्तरगतका योजनाहरु**

क) फुटिसिल देखि मेहेल्सेरा हुँदै खोपी गाउँ सम्म सडक निर्माण
ख) मेहेल्सेरा सिचाँई कुलो निर्माण
ग) दारछेडा वडा नं. ७ देखि ६, ५, ४ र १ सम्म जोड्ने सडक निर्माण
घ) छाप्रे खोला र मुसे खोला मा बेलिब्रज पुल

निर्णय नं. २. ब्रहम कुमारी ईश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपाल शाखा कार्यालय मान्म, कालीकोटको आर्थिक सहयोगको लागि सहजिकरण गरिदिनहुन भनि अनुरोध पत्र आएकाले सँस्थाको विभिन्न कल्याणकारी कार्यका लागि भवनको अभाव भई कामकाज गर्न समस्या हुँदा भवन निर्माणको लागि आवश्यक पर्ने वजेट व्यवस्थापनका लागि कालीकोट जिल्ला ९ वटै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको नाममा रहेको निसान नाभारा भे १ ब ५६४ नम्बरको गाडी दुर्घटना भई मर्मत गर्नु पर्ने भएकाले सो मर्मतका लागि कार्यालयको आर्थिक स्रोतले धान्न सक्ने अवस्था नरहेकाले जिल्लाका ९ वटै पालिकाहरुबाट रु एक एक लाख सहयोग गर्ने निर्णय गरियो । साथै सो सहयोग बाट मर्मतका लागि रकम अपुग भएमा र रकम उपलब्ध हुन नसकेमा यस कार्यालयको मौज्दात कोषबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. जिल्ला समन्वय समितिको कार्यालय कालीकोट अन्तरगत नेपाल ईञ्जिनियरिङ्ग सेवा, अप्राविधिक, सव-ईन्जिनियर पद लोक सेवा आयोगबाट विज्ञापन भई प्रतिशत निर्धारण समेत भईसकेको र लोक सेवा आयोग बाट पदपुर्ति यो आ.व भन्दा पछि हुने हुँदा यस कार्यालयको अनुगमन र अन्य प्राविधिक कार्यमा बाधा परेकाले लोक सेवा आयोगबाट सव-ईञ्जिनियरको पद पुर्तिका लागि सिफारिस भई आएको कर्मचारी हाजिर भएमा स्वतः करारमा राखिएको सव-ईञ्जिनियरको करार सम्झौता थप नहुने गरि सेवा करार सम्झौतामा सव-ईञ्जिनियर राख्ने निर्णय गरियो ।

निर्णय नं. ५. कालीकोट जिल्लाका घाँसे मैदान र वनजंगलहरुमा मानवीय तथा अन्य कारणले प्रत्येक वर्ष डढेलोले प्राकृतिक विपत्तिका साथै जलवायु परिवर्तनमा असर भई विविध समस्याहरु निम्तिएकाले कालीकोट जिल्ला लगायत देशको विभिन्न क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण र रोकथामका लागि सङ्कल्प गरियो ।

निर्णय नं.६. कालीकोट जिल्लाको पलाँता गाउँपालिकामा मिति २०८२/०१/०८ गते ट्याक्टर दुर्घटनामा परि ज्यान गुमाउनु हुने मृतक प्रति हार्दिक श्रदाञ्जाली अर्पण गर्दै, घाईतहरु प्रति सिघ्र स्वास्थ्य लाभको कामनाका साथै यस दुखःद् घडीमा दुर्घटनामा परि मृत्यु हुनेहरु प्रति सोक प्रस्ताव पारित गरियो ।

निर्णय नं. ७. बडिमालीका मन्दिर र त्रिवेणी पाटनको महत्वपूर्ण धार्मिक क्षेत्र कर्णालीमा पर्ने भएकोले सोको विवाद सामाधान गरि कालीकोट जिल्लाका अन्य धार्मिक पर्यटकिय क्षेत्रहरु पुग, चुली, तिलागुफा, रुडुबुन्चु, कोटदरवार र लुवारेकोटलाई ऐतिहासिक तथा धार्मिक पर्यटकिंय क्षेत्रको रुपमा विकास गर्न प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८. कालीकोट जिल्लामा जन्मीनु भएका राष्ट्रगुरु योगी नरहरिनाथलाई राष्ट्रिय विभुति घोषणाका लागि नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.९. कालीकोट जिल्लाको पलाँता गाउँपालिका रिङ् रोड हुँदै रारा पुग्ने बाटो निर्माणका लागि सङ्घीय सरकार सँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.१०. कालीकोट जिल्लाको नरहरिनाथ गाउँपालिकामा रहेको सुन्थराली विमान स्थल सम्म जाने सडक कालोपत्रे वनाउनेका लागि प्रदेश सरकारसँग वजेट व्यवस्थापनको लागि माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ११. कालीकोट जिल्लाका ९ वटै स्थानीय तह जोड्ने कालीकोट रिङ् रोड अवधारणाका लागि संङ्घीय प्रदेश सरकारसँग वजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १२. कालीकोट जिल्ला अन्तरगतका स्थानीय तहबाट माग भई आएका विभिन्न योजनाहरुको बजेट व्यवस्थापनका लागि संघ र प्रदेश सरकारसँग माग गर्न समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. १३. जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको भवनको रङरोगन, झ्यालढोका मर्मत तथा कार्यालयको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वजेट प्रदेश सरकारसँग माग गर्न निर्णय गरियो ।

निर्णय नं.१४. जिल्ला समन्वय समितिको आन्तरिक खानेपानी सुद्धिकरण आयोजनाका लागि आवश्यक वजेट सङ्घीय सरकार र प्रदेश सरकार सँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १५. कालीकोट जिल्लाको खेलकुद विकासका लागि कवर्ड हल र जिल्ला समन्वय समितिको मातहतमा रहेको खुल्ला मञ्च निर्माणका लागि आवश्यक वजेट संघ र प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।